म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३२६ आइतबार २४ असार २०८० ने. सं. ११४३ दिल्लाथ्व 9 July 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चौघडामा आँखा शिविर

हेटौंडा, २३ असार/हेटौंडा उपमहानगरपालिका-६ मा रहेको दिब्यनगर टोलविकास संस्थाले आयोजना गरेको १ दिने आँखा शिविरमा १३० जनाले सेवा लिएका छन् । हेटौंडामा रहेको सफल फार्मेसी एण्ड आई क्लिनिकको प्राविधिक सहयोगमा भएको शिविरमा ९० जना महिला ४० जना पुरुष गरि १ सय ३० जनाले सेवा लिएका हुन् । शिविरमा १३ जनामा मोतीयाविन्दुको रोग देखापरेको थियो । शिविरमा बरिष्ट नेत्रअधिकृत डा.दमन अधिकारीले आँखा जाच गरेका थिए । शिविरको उदघाट्न गर्दै हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालले आँखा शिविरको लागि वडा कार्यालयले सहयोग गर्ने बताउदै सामाजिक उत्तरदायित्व अन्तरगत दिब्यनगर टोलविकास संस्थाले उदाहरणीय काम गरेको बताए । टोल विकास संस्थाका अध्यक्ष दीपक ढकालको अध्यक्षतामा भएको आँखा शिविरमा वडासदस्य लेखराज ढकाल, विजय पौडेल, मुना बिक., रानी सामुदायिक वनका सदस्य सूर्यप्रसाद दुलाल, सञ्चारकर्मी भीमसेन पोडेल लगायतको उपस्थिति रहेको थियो ।

## मनहरीमा ट्रक जुधेपछि आगलागी, तीन जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ जिल्लाको पश्चिमी क्षेत्र मनहरी गाउँपालिकास्थित पूर्व-पश्चिम राजमार्गमा शनिवार राती दुईवटा ट्रक एकआपसमा ठोक्किएर आगलागी हुँदा तीन जनाको ज्यान गएको छ ।



रातको करिब साढे १ बजेको समयमा मनहरी गाउँपालिका-६ डिपाटबस्ती नजिकै ट्रक ठोक्किँदा लागेको आगोले ३ जनाको मृत्यु र ट्रक जलेर नष्ट भएको मकवानपुर प्रहरीले जानकारी दिएको छ । घटनाको प्रकृतिअनुसार मकवानपुरमा हालसम्मकै भयानक सडक दुर्घटना भएको हो । पूर्व-पश्चिम राजमार्ग अन्तर्गत मकवानपुरमा धेरै सवारी दुर्घटना हुने गरेता पनि आगलागीबाट चालकसहित सहचालक र सवारी साधन पनि जलेर नष्ट भएको घटना सम्भवत: पहिलो भएको ट्राफिक प्रहरीहरु बताउँछन् ।

हेटौंडाबाट नारायणगढ तर्फ गइरहेको ना ६ ख ६६६७ नं को ट्रक र विपरित दिशाबाट हेटौंडातर्फ आइरहेको ना ६ ख ६३१ नम्बरको ट्रक एकापसमा ठोक्किएर आगलागी भएको थियो । चालक र सहसचालक गरी ३ जनाको मृत्यु भएको हो, २ जना घाइते छन् । ट्रक ठोक्किर आगलागी हुँदा ३ जनाको घटनास्थलमै मृत्यु भएको र ट्रक जलेर पूर्णरुपमा नष्ट भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक (डिएसपी) टेकबहादुर कार्कीले जानकारी दिए । मृत्यु हुनेमा ना ६ ख ६६६७ नम्बर ट्रकका चालक चितवन राप्ती नगर पालिका-८ घर भएका २७ वर्षीय रिहान रुम्बा तामाङ, सोही ट्रकका सहचालक गोरखाको गण्डकी गाउँपालिका-२ गोर्दीटार बस्ने २० वर्षीय सुमन चेपाङको मृत्यु भएको प्रहरी प्रवक्ता कार्कीले जानकारी दिए ।

मृत्यु हुने अर्काब्यक्ति ना ६ ख ६३१ नम्बरको ट्रकका सहचालक मनहरी गाउँपालिका-३ बस्ने अमृत प्रजा रहेका छन् । शव पोस्टमर्टमका लागि भरतपुर अस्पताल पठाइएको छ । मृतकहरुको शव पहिचान हुन सकेको थिएन । आगलागीबाट शव पहिचान हुने अवस्थामा नरहेको र घाइतेहरुको जानकारीबाट शवको पहिचान खुलेको डिएसपी कार्कीले बताए । 'शव सग्लो अवस्थामा छैन, घाइतेसँगको सोधपुछ गरेपछि उनीहरुको परिचय खुलेको हो ।', कार्कीले भने ।

दुर्घटनामा परेर राप्ती नगरपालिका-३ का ३५ वर्षीय ना ६ ख ६६६७ नम्बरको ट्रकका सहचालक विवेक तामाङ र ना ६ ख ६३१ नम्बरको ट्रकका चालक मनहरी गाउँपालिका-३ का ३२ वर्षीय अर्जुनकुमार प्रजाको भरतपुर अस्पतालमा उपचार भइरहेको छ । तामाङ र प्रजाको दुवैको स्वास्थ्य अवस्था मध्यम रहेको डिएसपी कार्कीले जानकारी दिए । घाइतेहरुले ट्रक एकआपसमा ठोक्किएपछि एकैपटक आगलागी भएको जानकारी दिएको कार्की बताउँछन् ।

ट्रक पूर्णरुपमा जलेको छ । हेटौंडाबाट दुईवटा दमकलका साथ प्रहरी र स्थानीयको सक्रियतामा आगो नियन्त्रणमा लिइएको थियो । आगो निभाइएपछि जेसीबी प्रयोग गरी जलेका ट्रक र शवहरु निकालेर राजमार्ग बिहान साढे ६ बजेतिर मात्रै सुचारु गरिएको इलाका प्रहरी कार्यालय मनहरीका प्रहरी निरीक्षक कृष्णराज ढकालले बताए । राती घटनालगत्तै प्रहरीटोली घटनास्थलमा पुगेर स्थानीय बासिन्दाकोसमेत साथ लिएर आगलागी नियन्त्रण गर्न खोजेपनि दमकलको अभावमा नियन्त्रण सम्भव नभएको प्रहरी निरीक्षक ढकालले जानकारी दिए ।

'भनेको समयमा दमकल पाइएन, पछि २ वटा दमकल आएर बल्लबल्ल आगो निभाइयो ।', प्रहरी निरीक्षक ढकालले भने, 'भयंकर आगलागी भएका ट्रक र शवहरुलाई हटाएर अहिले राजमार्गमा सवारी साधन सञ्चालन सुचारु गरिएको छ ।', दुर्घटनापछि करिब ५ घण्टा राजमार्ग अबरुद्ध भएको थियो ।

Join IT Career in HCC

Admission Open

+2

Science

Management

→ Computer Science

→ Hotel Management

→ Business Studies

Law (English)



Bachelor Program

BSc. CSIT

BCA

BBS

(T.U. Affiliated)

यस **हेटौंडा सिटी कलेज**मा **B.Sc.CSIT** कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त)** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को 11 औं समूहको (**2080 Batch**) लागि प्**वेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class**) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौंडा सिटी कलेज/जेनिथ**

सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

## उत्सवले सुनाए एक दर्जन कविता

साझाकुरा संवाददाता


हेटौंडा, २३ असार/ हेटौंडाको किताबघरमा उत्सव चौलागाईका कविता सुनिएको छ । हेटौंडाका कवि चौलागाईंको एकल वाचन हेटौंडा-४ भैरवरोडस्थित किताबघरमा शनिबार भएको हो ।

किताबघरको आयोजनामा शनिबार भएको कविता वाचनमा चौलागाईंले एक दर्जन कविता सुनाएका थिए । चौलागाईले आमा, बा, मट्याइला हातहरु, तिमी बाहिर निस्क, सम्झनाहरुमा, आधा, ऊ कुनै अपराधी हैन, मैले आँखा खोलिसकें, सत्ता र कान्छा, मालिक मनोविज्ञान र पार्लियामेन्ट शीर्षकको कविता सुनाएका थिए । कवि चौलागाईका कवितामा नारीवादी चेतना, प्रेम, वर्गीय चेतनासम्म भाव थियो ।

सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले कविताको विश्लेषण गर्दै उत्सवले कर्मयोगी किसानदेखि जन्मदाता बाआमाप्रति समर्पण भाव व्यक्त गरेको बताए । कविताबाचन कार्यक्रममा मकवानपुरका साहित्यिक स्रष्ट्राहरुको उपस्थिति रहेको थियो । किताबघरका संचालक मकवानपुरका शैक्षिक व्यक्तित्व छवि अनित्यले किताबघरले व्यावसायीक कारोबार मात्र नगरी साहित्यमा फरक स्वाद पस्कने जमर्को गर्दै आएकोमा पहिलोपटक एकलवाचन कार्यक्रम गरिएको बताए ।

सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट

प्रोफेशनल स्कील एण्ड ट्रेनिङ डिपार्टमेन्ट




यही आउँदो शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीको लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको लागि कक्षाहरु सञ्चालन गरिदैछ ।

भर्ना र थप जानकारीको लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्कको लागि

०५७-५२१२७२, ९८०१०६८६४१, ९८४८०२९२७७ (प्रिन्सिपल)

हेटौंडा स्कूल अफ म्यानेजमेन्ट-२०५२
HETAUDA SCHOOL OF MANAGEMENT-1995



Congratulations to all the students who have passed SEE! Your hard work and dedication have paid off.

YOU CAN NOW MOVE ON TO THE NEXT STAGE OF YOUR ACADEMIC JOURNEY WITH HSM

ADMISSIONS OPEN FOR

+2

- SCIENCE
- MANAGEMENT
- HOTEL MANAGEMENT
- BEAUTICIAN & HAIR DRESSER



For inquiry: 9855074222

ENROLL NOW

"कडा अनुशासन, स्तरीय शिक्षा"

Hetauda-4, Makawanpur | info@hsm.edu.np | www.hsm.edu.np

DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

साझाकुरा

## हाम्रो कुरा

# २५ मिटरबारे साझा अवधारणा खोई ?

नेपालको राष्ट्रिय राजमार्गको क्षेत्रका लागि सबैभन्दा ठूला दाता मानिने एसियाली विकास बैंक र वर्ड बैंकका प्रतिनिधिले हेटौंडा-नारायणगढ र हेटौंडा-पथलैया खण्डको सडक फराकिलो बनाउन नेपाल सरकालाई ताकेता गरिरहेका छन् । हेटौंडालाई मानव बस्ती घोषणा गर्नुपर्ने, मुख्य सडकको दायाँबायाँ १६ मिटरमात्र खाली गराउने, सडकको नक्सांकन नै परिवर्तन गरी बाइपास सडक बनाउने, आदि तर्कबितर्कमा हेटौंडाबासील समय गुजारीरहेका छन् । नेपालको संविधान २०७२ ले ब्यक्तिगत सम्पत्तीमा राज्यले त्यत्तिकै हडप्न मिल्दैन भनेको छ । सडक चौडा बनाउने अभियानमा पनि साथ दिने र हेटौंडाबासीको घरटहरा तथा जमीनको मुआब्जा पनि उपलब्ध गराउने वातावरण तयार गर्नु जरुरी छ । नेपालको पूर्वपश्चिम राजमार्ग एसियन हाइवेको 'ख' बर्गको रुट हो । जुन हाइवेले एसियाका ३७ देशलाई सडक संजालमा जोडेको छ । हेटौंडाको मुख्य बजार क्षेत्रको सडक २५-२५ मिटर दायाँबायाँ विस्तारको चर्चाले बजार तातिएको छ ।

हेटौंडा उपमहानगरकी नगरप्रमुख मीनाकुमारी लामाले जसरी पनि हेटौंडाको सडक दायाँबायाँ २५-२५ मिटर भत्काएर छाड्ने अडान लिइरहेको अवस्था छ । नगरको विकासको सन्दर्भमा बहुसरोकारवाला निकायबीचको अर्न्तक्रियामा मेयर लामाले मुख्य सडक ५० मिटर फराकिलो बनाइछाड्ने घोषण गरकी छन् । राष्ट्रिय राजमार्गको दायाँबायाँ २५-२५ मिटर भत्काएरै छाड्ने नगरप्रमुख लामाको जस्तै अडान यसअघिका नगर प्रमुख हरिबोल महतले पनि देखाएको थिए । एकाथरिका मान्छे भत्काउने अभियानमा लाग्ने अर्काथरिका मान्छे राजमार्गमै लम्पसार परेर रोक्ने बिगतमा भएकै हो । यो कार्यका लागि केन्द्र सरकार र प्रदेश सरकारको सहयोग हुनुपर्छ । हेटौंडा-१ चौकीटोलदेखि हेटौंडा-९ को त्रिवेणीधाम हुँदै चुरियामाई (रातोमाटे) निस्कने बाइपास सडकमा निर्माण भइरहेको छ । पूर्वपश्चिम राजमार्ग र त्रिभुवन राजपथअर्न्तगत् हेटौंडा बजार क्षेत्रमा पर्ने सडकको दायाँ/बायाँ २५/२५ मिटर विस्तारको विषयले चर्चा मात्रै पाइर हने र काम नहुने भएकाले नगरबासी नै हैरान भएका छन् । मेनरोडका घरधनीलाई आफ्नो टाउकोमा ठूलो जाँतो झुण्डाइदिएझैं भएको छ । रातमा निन्द्रा न दिनमा भोकको अवस्था सृजना भएको छ । डिभिजन सडकले अतिक्रमण गरेको भनिएको जमीन ब्यक्तिको नाममा लालपूर्जा छ र उनीहरुले सरकालाई नियमित कर तिरिरहेका छन् ।

६ वर्ष अघि पनि हेटौंडाको मेनरोडका ब्यवसायीले भित्री सडकमा ब्यवसाय गर्न सटर भाडामा लिएको अवस्था थियो । तर, त्यतिबेला राजमार्ग बिस्तारको अभियानमा ब्रेक लागेपछि ब्यवसायीले बुक गरेका सटर फिर्ता गरेका हुन् । मेनरोडका २५ मिटर क्षेत्रमा पर्ने घरमा भाडा तिरेर बसेका बैंक तथा बित्तीय संस्थाहरुले भने मेनरोडका घर खाली गरेर भित्री सडकमा सुरक्षित भइसकेका छन् । हेटौंडा बागमती प्रदेशको राजधानी भएपछि बजार क्षेत्रको मुख्य सडक फराकिलो पार्नुको विकल्प नभएको नेताहरु नै बताउँदै आएका छन् । सडक डिभिजन कार्यालय हेटौंडाले पटक-पटक सडक विस्तारको सूचना निकालेर घरधनीलाई त्रसित मात्र बनायो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९१३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असार २५ गते सोमबार १० जुलाई २०२३ । अष्ठमी, श्रावण कृष्णपक्ष । दिल्लागा ११४३ ने.सं. । सूर्योदय ५:१६, सूर्यास्त ७:०१ । गोरखकाली पूजा । अष्टमीब्रत

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मन चञ्चल हुनेछ | **तुला** | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ |
| **वृष** | : मान-सम्मान बढ्नेछ | **वृश्चिक** | : हाँसखेलमा दिन जानेछ |
| **मिथुन** | : धन लाभ हुनेछ | **धनु** | : मनमा धेरै कुरा खेल्ने छन् |
| **कर्कट** | : व्यापार-व्यवसायमा उन्नति हुनेछ | **मकर** | : रमाइलो यात्राको योग परेको छ |
| **सिंह** | : नबोली बस्दा राम्रो हुनेछ | **कुम्भ** | : मन प्रसन्न रहनेछ |
| **कन्या** | : प्रेममा विवाद आउनसक्नेछ | **मीन** | : नचिताएको काम सम्पन्न हुनेछ |

# अस्तित्व संकटको सँघारमा 'नेपान'



✍हिरा विश्वकर्मा




हामीमध्ये धेरैलाई लाग्न सक्छ, नेपाल सहभागीमूलक कार्यसमूह (नेपान) भनेको के हो ? खासगरी गैरसरकारी क्षेत्रको विकासे काममा लागेका धेरैलाई थाहा छ, नेपान भनेको र यसले प्रवर्द्धन गर्न खोजेको पद्धति बारेमा ।

यसले प्रवर्द्धन गरेको पद्धति केवल गैरसरकारी संस्थामा मात्रै सीमित छैन । सरकार त्यसमा पनि केही स्थानीय तहले समेत यसलाई अंगीकार गर्न खोजेको देखिन्छ ।

धेरै स्थानीय तहका वेबसाइट हेर्दा त्यहाँ स्रोत नक्सा भन्ने देखाइएको हुन्छ । त्यो स्रोत नक्सा स्थानीय तहको वडा वा गाउँ तहमा भएका प्राकृतिक तथा मानव निर्मित जल, जंगल, जमिन तथा मानव जीवनलाई सहज बनाउने अन्य खानेपानी, स्कुल जस्ता स्रोतलाई समेत समेटेर तयार गरिएको हुन्छ । त्यस नक्सालाई नेपान भनिन्छ ।

यो इन्जिनियरिङको भाषामा स्केलमा नभए पनि यसले एउटै दृश्यबाट समग्र वडा वा गाउँको अवस्थाको बारेमा जानकारी दिन्छ । यसलाई तयार पार्न ठूलो स्रोत र सीप चाहिँदैन । यसको अवधारणा बुझेका कुनै बेला अत्यन्तै प्रचलनमा आएका सामाजिक परिचालकहरूले गाउँलेको उपस्थितिमा उनीहरूलाई सोध्दै तयार पार्ने नक्सा हो ।

यसलाई जमिनमा वा कुनै ठूलो कागजमा तयार पार्न सकिन्छ । यस्तो तयार पार्ने विधिलाई सहभागितामूलक ग्रामीण लेखाजोखा भनिन्छ । अर्थात् अंग्रेजीमा पीआरए (पार्टिसिपेटोरी रुरल एप्राइजल) । यसका अरू थुप्रै औजार छन्, जस्तै गतिशील नक्सा, जसले मान्छे आफ्नो शिक्षा, स्वास्थ्य, पर्यटन, तीर्थाटन, भेटघाटका लागि कहाँसम्म पुग्छ र त्यहाँ पुग्दा आइपर्ने समस्या, त्यस्ता समस्याका कारण समेत पत्ता लगाई समस्या समाधानका उपाय बताउँछ ।

यस्तै यो सम्पत्ति स्तरीकरणका लागि अत्यन्त उपयोगी औजार हो । यसबाट को कति धनी वा गरिब र स्रोत-साधन सम्पन्न छ भन्ने कुरा सजिलै पत्ता लगाउन सकिन्छ । कुनै वेला गरिबी निवारण कोष भन्ने सरकारी कार्यक्रमले नै यो विधिबाट आफ्ना लक्षित समुदायलाई क, ख, ग र घ वर्गको गरिबमा वर्गीकरण गरी कार्यक्रमहरू संचालन गर्ने गर्दथ्यो ।

त्यस्तै शक्ति सम्बन्धको बारेमा पत्ता लगाउने औजार हो, रोटी चित्र । यसलाई अंग्रेजीमा भेन डायग्राम भनिन्छ । यसबाट कसको शक्ति कति र के आधारमा छ अनि यसलाई भत्काउन वा सुधार गर्न के गर्न सकिन्छ भन्ने पत्ता लगाउन सकिन्छ । समूह छलफल त सबै अनुसन्धान विधिहरूले प्रयोग गर्ने औजार हो र यो पीआरएले पनि अत्यधिक प्रयोग गर्ने गर्छ ।

यहाँ उल्लेख गरिएको विधि वास्तवमा गरिब तथा उत्पीडितहरूको बारेमा सहभागीमूलक तरिकाले जानकारी लिने मात्र थिएन, उनीहरूलाई सशक्त बनाउने विधि पनि थियो । किनभने सूचना भनेको शक्ति हो र जोसँग सूचना हुन्छ उनीहरू शक्तिशाली हुन्छन् भन्ने मान्यता राख्ने हो भने गाउँका गरिबहरूले आफ्नो अवस्था आफैंले पत्ता लगाई विश्लेषण गरेर त्यसको समाधानको उपाय पनि खोज्न सक्ने अवस्था हुँदा यसलाई सशक्तीकरणको अत्यन्त सशक्त माध्यमको रूपमा लिइने हुँदा कुनै समय पीआरए विधि नजानेको कुनै विकासे कार्यकर्ता छ भने ऊ एउटा मजाकको पात्र हुन्थ्यो ।

यस्तो विधि नेपालमा भित्र्याउने विकासे संस्थामध्ये एक्सन एड नेपाल पनि पर्दथ्यो । भर्खरै नेपालमा बहुदलीय व्यवस्था पुनर्स्थापना भई गैरसरकारी संस्थाहरूको विकास हुने क्रम सुरु भएको थियो । त्यस बेलामा यो पीआरए विधिका प्रवर्तक मानिने बेलायतको ससेक्स विश्वविद्यालयका प्राध्यापक रोबर्ट च्याम्बर्सबाटै प्रशिक्षित भएर आएका सो संस्थाका कन्ट्री डाइरेक्टर रमेश सिंह मल्लबाट यसको प्रवर्द्धन र विकासको अगुवाइ सुरु भयो ।

यो काममा एक्सन एड तथा इसिमोड लगायत अन्य अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई समेत साथ लिएर नेपाल पार्टिसिपेटोरी एक्सन नेटवर्क भन्ने संस्थाको सुरुवात गराएका मात्र थिएनन्, पीआरएको विधि तथा प्रक्रियाहरू बारे आफैंले धेरैलाई प्रशिक्षण समेत दिएका थिए । त्यसले यो विकासे औजारलाई नेपालका सबै विकासे कार्यक्रमहरूमा प्रयोग गर्न सकेमा यसले समुदायको सशक्तीकरणका साथै आफ्नो समस्या आफैं समाधान गर्न धेरै सघाउ पुर्याउन सक्ने सोच राखिएको थियो ।

यो नेपान भन्ने संस्थाको दिगो विकास होस् भनी त्यतिबेलै केही अक्षय कोषको समेत व्यवस्था गरी संचालन खर्चको पनि जोहो गरिएको थियो । सो संस्थाको सदस्य तथा नेतृत्वमा एकसे एक विकास विज्ञ तथा संस्थाहरू आए र कुनै बेला यो संस्थासँग नजोडिंदा विकासे कार्यकर्ता भइँदैन कि जस्तो पनि लाग्थ्यो । त्यसैले यसले धेरै व्यापकता पाएको थियो ।

यसले नियमित रूपमा 'सहभागिता' भन्ने पत्रिका जसमा पीआरए लगायत ग्रामीण विकाससँग सम्बन्धित धेरै विषयलाई समेटेर विचार तथा अनुसन्धानमूलक लेखहरू प्रकाशित गर्थ्यो जुन अहिले पनि कुनै न कुनै रूपमा निरन्तर छ ।

धेरै अन्तर्राष्ट्रिय दाताहरूको सद्भाव तथा सहयोग पाएको भएर यसले परियोजनाहरू पनि प्रशस्तै पायो, यस्तो गर्दै जाँदा सुरुमा स्थापना गरिएको अक्षय कोष समेत प्रयोग गरी यसले बुद्धनगरमा आफ्नै भवन पनि बनाउन सफल भयो । अहिले संस्था टिक्ने केही आधारमध्ये त्यो पनि रहेको छ ।

यसको नेतृत्वमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको उच्चतम तहमा पुगेका व्यक्तिहरू आए र गए, कर्मचारीहरू पनि आए गए, परियोजनाहरू पनि आए र गए तर अहिले ऊ आफ्नो अस्तित्वको संकटसँग जुधिरहेको छ । आखिर यस्तो किन भयो ?

अहिले पार्टीगत तहमा पनि कुनै ठूलो भेलाहरूमा समूहगत छलफल गर्ने परिपाटी अपनाएको देखिन्छ, जुन कुरा ९० को दशकमा कतै थिएन, यस्तो हुनुमा पनि यस्तै विकासे संस्थाहरूले अपनाएको तालिम तथा भेलाहरूको प्रभाव हो भन्ने लाग्छ । किनभने यो पीआरए विधिले पनि समूह छलफललाई अत्यधिक महत्व दिन्छ ।

तत्कालीन स्थानीय विकास मन्त्रालय अन्तर्गत डीएलजीएसपी भन्ने कार्यक्रम नेपालमा भएका धेरै दातृ संस्थाहरूको बास्केट फण्डको एप्रोचमा युएनडीपीले संचालन गर्थ्यो । करिब १८ वर्षसम्म जुन बेला स्थानीय निकायहरू जनप्रतिनिधिविहीन भएका थिए त्यतिबेला सो कार्यक्रमले सामाजिक परिचालकहरू हरेक गाविस वा नगरपालिकाहरूमा राखेको थियो र तिनीहरूलाई पीआरएका विभिन्न विधि सिकाइन्थ्यो र उनीहरूले आफू कार्यरत क्षेत्रमा अभ्यास पनि गर्दथे ।

तर अहिले हरेक वडामा ५ जनाका दरले जनप्रतिनिधिहरू आइसकेपछि सो कार्यक्रम र त्यसले प्रवर्द्धन गरेका सामाजिक परिचालकहरू लगभग हराएको स्थिति छ । अहिले भएका ७५३ पालिकाहरू तथा ६ हजार ७०० भन्दा बढी वडाहरूले यस्ता पीआरएका कुनै पनि औजारहरू प्रयोग गरेको देखिँदैन ।

विकासे क्षेत्रमा एकाउन्टविलिटी अर्थात् उत्तरदायी भन्ने शब्दको अत्यधिक प्रयोग गरिन्छ । सुशासनको यो अहं सवाल पनि हो, यसको प्रवर्द्धनका लागि सामाजिक लेखाजोखा भन्ने विधि अपनाइन्छ । कतै कतै रिपोर्ट कार्ड पनि प्रयोग गरिन्छ । यो उत्तरदायित्वलाई प्रवर्द्धनमा पनि पीआरए विधिले महत्वपूर्ण सघाउ पुर्याउँछ ।

अत: जनतालाई सूचना सहित सशक्तिकरण, सुशासनका लागि उत्तरदायित्व प्रवर्द्धन र पालिकाहरूको स्रोत-साधन पत्ता लगाई त्यसको प्रसार गर्न समेत उपयोगी हुने यो विधिको प्रवर्द्धन गर्न स्थापित भएको नेपान जस्तो संस्था अहिले अस्तित्वको संकटमा पर्नु अत्यन्त दु:खदायी कुरा हो ।

यस्तो हुनुमा यसको जुन घोषित उद्देश्य थियो यस्ता पीआरए विधिको प्रवर्द्धन, विकास तथा अनुसन्धानमा योगदान पुर्याई त्यसलाई विस्तार गरी नेपालको स्थानीय शासनको एउटा विधिको रूपमा स्थापित गर्नु, तर त्यो बृहत् उद्देश्यमा नलागी यो संस्था पनि केवल परियोजना लागू गर्नमा व्यस्त भयो ।

नेपालमा तत्कालीन समयमै स्थापित भएका केही गैरसरकारी संस्थाहरू छन् जसको नेतृत्व मिसनमा प्रतिबद्ध व्यक्तिहरूले गरेका थिए । तर नेपानको नेतृत्वमा अत्यन्त व्यावसायिक र उच्चतम ओहोदामा काम गरेका व्यक्ति भए तापनि संस्थालाई आफ्नो विषय विज्ञता र त्यसको प्रवर्द्धन गर्न सक्ने बनाउने कुरामा लगाउन नसक्दा संस्था अस्तित्वको संकटमा पुगेको मान्न सकिन्छ ।

हुनत, बजारशास्त्रको नियमलाई मान्ने हो भने बजारमा आउने १०० मध्ये ८० उत्पादन हराएर जान्छन् केवल २० उत्पादन मात्रै बाँच्छन् भनिन्छ । संस्थाहरूको हकमा पनि त्यो कुरा लागू हुन्छ । तर देशलाई सशक्तीकरण र सुशासनमा समेत योगदान पुर्याउन सक्ने यस्तो संस्थाहरू अस्तित्वको संकटमा पुग्नु देशकै लागि घाटाको कुरा हो ।

यसमा खासगरी संस्था आफैंले र यसलाई माया गर्ने अन्तर्राष्ट्रिय संस्थाहरूले यसलाई नवप्रवर्तन सहितको संस्थाको रूपमा विकास गर्न सहयोग पुर्याउनुपर्छ । किनभने अहिले ७५३ स्थानीय तहका करीब १३ हजार महिला जनप्रतिनिधिलाई यस विधिबाट प्रशिक्षित गर्न सक्यो भने उनीहरूले स्थानीय तहहरूलाई सुशासन सहितको विकास दिलाउन सक्ने थिए ।

*(साभार: अनलाइनखबर)*

# नीति-नियमहरू अपहरणमा परेको सूचना

✍वीरेन्द्र कटुवाल

नीति-नियमहरू मानव सिर्जित हुन्, तथापि बेलाबेला नेता प्रमुख कि नीति भन्ने सवाल उठ्ने गर्छ । नीति-नियमहरू जति नै राम्रा बनाइए पनि कार्यान्वयन गर्ने तहमा गलत प्रवृत्ति बोकेका नेता तथा व्यक्ति पुगे भने ती नीति-नियमले घोषित परिणाम दिँदैनन् भन्ने ज्वलन्त उदाहरण हाम्रासामु प्रशस्त छन् । नीति-नियम अपहरण हुनु र यिनीहरूमाथि निर्दयतापूर्वक हमला हुनुको कारण यिनीहरू स्वचालित नहुनु हो । नत्रभने नीति-नियम स्वयंले सबलाई ठीक लगाउँथ्यो होला । कुशल नेता कहिले आउला भनेर कुर्नुपर्ने थिएन होला, न त दक्ष र दृढ इच्छाशक्ति भएको अख्तियार र सिआइबी प्रमुखको बाटो हेर्दै बस्नुपर्ने थियो ।

अस्ति भर्खरै केन्द्रीय अनुसन्धान ब्युरोका एक प्रहरी अधिकृतले नीति-नियम अपहरणमा परेको जानकारीमूलक सूचना व्यक्त गरे । पुन: चर्चामा आएको ललिता निवासको जग्गा प्रकरणको मामिलालाई उद्धृत गर्दै उनले भने, 'तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारको 'अस्वाभाविक दबाब र हस्तक्षेपका कारण उक्त मुद्दाको अनुसन्धान प्रक्रिया निष्क्रिय भएको थियो ।'

'ठूलालाई चयन सानालाई ऐन' भन्ने आहान त्यसै कहाँ चलेको हो र ? प्रधानमन्त्री र मन्त्रीजस्ता व्यक्तिले नै नीति तथा पद्धतिको अपहरण गरी काम गर्न दिनु हाम्रो देशको हकमा लाजमर्दो विषय भएन । बरु सूचना तथा सञ्चार प्रविधिको युगमा पनि तीनै व्यक्ति पटकपटक निर्वाचित हुनु लाजमर्दो विषय बन्यो । किनभने सार्वभौम जनताको काम पाँच वर्षमा एकचोटि भोट हाल्ने, बाँकी समय उनीहरूले जेजे गरे पनि ताली बजाएर बस्ने पक्कै नहुनुपर्ने !

हामीकहाँ नीति-नियमको अपहण र हत्या भएका घटना सधैं सुनिन्छन् । भुइँमान्छेको चिच्याहट र अपरहरणकारीको महोत्सव धेरैले देखे-सुनेकै कुरा हो । यहाँ यी तीता प्रसङ्ग पस्किएर कार्यकारिणी तहमा कुशल र दृढ इच्छाशक्ति भएको व्यक्तिको कति धेरै महत्त्व हुन्छ भनेर उल्लेख गर्न खोजिएको मात्रै हो ।

अहिले चर्चामा आएका अथवा ल्याइएका मुद्दा कठोर भई छानबिन गरी दोषीलाई सजायको भागिदार बनाउन उठाइएका हुन्, या त राजनीतिक स्वार्थका निम्ति रचिएको छिर्केदाउ मात्रै हुन्, यो समयले बताउला । पछिल्ला स्थानीय, आम र उपनिर्वाचनका परिणामले कालो बादलभित्र केही आसलाग्दा चाँदीका घेराको संकेत गरेकै छ । आशा गरौं, यी मुद्दाले न्यायिक समाधान पाएनन् वा सौदाबाजीमा सामसुम पार्ने कोसिस गरियो भने सार्वभौम जनताले आगामी निर्वाचनमा ती नेता र प्रवृत्तिलाई दण्डित गर्नेछन् ।

नीति-नियमको निर्माण र कार्यान्वयनमा नेता अथवा व्यक्तिकै भूमिका रहन्छ । नीति-नियम र कानुनका रक्षक नै भक्षक हुने र सार्वभौम जनताले दण्डित पनि नगर्ने हो भने संविधानसभालाई तुहाएर अर्को संविधानसभा गराएर भए पनि आफूअनुकूल नीति-नियम बनाउँदा पनि भयो । नीति-नियमहरूको डण्डा आफ्नै टाउकोमा बज्रिनेजस्तो छाँट आयो भने सत्ताको बल प्रयोग गरेर त्यसलाई निष्क्रिय पार्दा पनि भयो । जनताले दण्डित नगर्ने भएपछि, 'आफ्नै हात, जगन्नाथ' आफ्नो स्वार्थ अनुकूल फेर्दा पनि भयो ।

त्यसो त हामीकहाँ चाकरीबाजहरूले सरकारी सम्मान पाएको देखिन्छ । ती चाकरीबाजको पहिचान गर्ने र समाजबाट बहिष्कार गर्ने काम पनि सार्वभौम जनताकै हो । किनभने ती चाकरीबाज र दलालको सान-सौकत र तडक-भडकको खर्च हरेक नेपाली जनताले प्रयोग गर्ने नुन, भुटुन र ओखतीमूलोमा जोडिएर आउँछ । जब नीति-नियम अपहरणमा पर्छन्, ती चाकरीबाज र दलालको वैयक्तिक स्वतन्त्रताको महत्व सामाजिक न्यायभन्दा कता हो कता महत्वपूर्ण हुन्छ ।

नीति-नियममाथि निर्दयतापूर्वक हमला हुनुको मुख्य कारण दोषी र हिंस्रक दण्डित नहुनु नै हो । नीति-नियमलाई नेताले पाता फर्काएर हल न चल पार्ने भएपछि चाटुकार र चाकरीबाजहरू जयगानमा अहोरात्र खट्ने नै भए । यसमाथि जनताले पनि उनीहरूलाई नै पटकपटक पुरस्कृत गर्ने परिपाटी र संस्कृतिलाई निरन्तर दिँदा मुलुक दण्डहीनताको सिकार भएको अवस्था छ ।

जसरी एउटा सवारी-साधनलाई चलाउन एउटा कुशल चालकको खाँचो हुन्छ । त्यसैगरी नीति र पद्धतिलाई व्यवहारमा उतार्न पनि दक्ष, कुशल र दृढ इच्छाशक्ति भएको नेता वा व्यक्ति आवश्यक हुन्छ । सायद जनतामा यो चेत पलाउन थालेको छ । दुष्ट नेताहरूको क्रूर पञ्जाबाट नीति-नियमको उद्धार गर्न जनताहरू जागेको आभास भएको छ । पछिल्ला निर्वाचनका परिणामे केही चिल्ला पात पल्लवित भएको आभास दिएको छ ।

असल नेताहरूको खोजी गर्ने ध्याउन्नमा विधि र पद्धतिलाई गौण मान्न पुगियो भने पनि अपेक्षित परिणाम हात लाग्दैन । त्यसको फाइदा 'पपुलिस्ट'हरूले लिन्छन् । र, पपुलिस्टहरूले अन्ततोगत्वा समाजलाई पछाडि धकेल्ने नै हो । वर्तमान परिप्रेक्ष्यमा अन्तर्राष्ट्रिय जगतमा डोनाल्ड ट्रम्प, नरेन्द्र मोदी र नेपालको हकमा रविन्द्र मिश्रलाई हेरे पुग्छ । त्यसो भएको हुनाले असल विधि र पद्धति पनि त्यति नै महत्वपूर्ण हुन्छ, जति असल नेताको हुन्छ । व्यक्ति प्रधान कि नीतिप्रधान भन्ने बहसले त्यति महत्त्व राख्दैन । नेता र नीति एकअर्कोमा अन्योन्याश्रित सम्बन्ध सूत्रमा बाँधिनुपर्छ । त्यसो भयो भने मात्रै संस्थाले लक्षित र अपेक्षित परिणाम हासिल गर्न सक्छन् ।

देशका कतिपय दुष्परिणामहरूको कारण नेता मात्रै होइनन्, यसमा कतिपय विभेदकारी नीतिगत व्यवस्थाको पनि दोष छ । त्यसो हुनाले हामीले विकल्पका रूपमा छनोट गर्ने असल नेतामा केही चरित्र खोज्नैपर्छ । ऊ अमुक नश्ल र समुदायप्रति मात्रै इमानदार हो कि मानवीय मूल्य-मान्यताप्रति नै इमानदार हो । ऊ आर्थिक आय-व्ययप्रति मात्रै इमानदार हो कि योजनाको निष्पक्ष छनोट र कार्यान्वयनप्रति पनि इमानदार हो ।

नेताको मानवीय र सांस्कृतिक संवेदनशीलताको स्तर कस्तो छ, नेपाली समाजलाई हेर्ने समाजशास्त्रीय दृष्टिकोण कस्तो छ – यसले धेरै ठूलो महत्त्व राख्छ । जुन विषयलाई हामी कम महत्त्व दिइरहेका छौं, त्यसैले हामी पटकपटक चुकेका छौं । हाम्रो सांस्कृतिक संवेदनशीलतामाथि अवसरवादीले खेलिरहेका छन् । चाहे त्यो राज्यको पुनर्संचरनाको सवालमा होस्, या शासकीय स्वरूप तय गर्ने सवालमा ।

नीति-नियमहरू हुँदाहुँदै पनि नेतृत्वको गलत नियतका कारण ३०औं वर्षसम्म बालुवाटारको ललिता निवास जग्गा प्रकरणको न्यायिक निरुपण हुनसकेको छैन । असल नेताहरू गलत नीति र पद्धतिको डुङ्गा चढेर लक्षित र घोषित गन्तव्यसम्म पुग्न सक्दैनन् । अर्कोतिर विधि र पद्धति भनेका जडसूत्र होइनन् । यसलाई कर्मकाण्डीय रूपमा ग्रहण गरियो भने पनि देश तथा संस्थालाई समयानुकूल युगबोधका साथ नेतृत्व गर्न सकिन्न । त्यसैले विधि, पद्धति र प्रक्रियालाई गतिशील र परिवर्तनशील आँखाले हेर्न सक्नुपर्छ ।

गाली खानुपर्छ भन्ने जान्दाजान्दै दृष्टान्तस्वरूप एउटा अर्को प्रसङ्ग कोट्याउन चाहन्छु । एउटा कथित उच्चजातीय नेपाली जो नेपाली नागरिकता त्यागेर विदेशी नागरिक बन्छ, केही समयपछि अलिअलि धनसम्पत्ति जोड्छ र फेरि नेपाल फर्कन्छ, ऊ नेपाली नागरिकता पुन:प्राप्ति नै नगरी सबै सेवा-सुविधा लिन योग्य मानिन्छ ।

अर्कोतिर एउटा जन्मसिद्ध नागरिक, जसका बाआमा नेपाली नागरिक हुन्, ऊ नागरिकता नपाएर सबै खाले सेवा र सुविधाबाट वञ्चित छ । पढ्नमा टपर छ, तर छात्रवृत्ति पाउनबाट वञ्चित हुन्छ, लोकसेवा दिनबाट वञ्चित हुन्छ । किनभने ऊसित नागरिकता छैन । पासपोर्ट बनाउन नपाएर विदेश जानबाट वञ्चित छ । आफ्नै देशभित्र कुनै अनागरिक भएर बाँच्नुपर्दाको पीडालाई यहाँ कतिपय राष्ट्रवादी भनाउँदाले बुझ्दैनन् ।


उसले नागरिकता माग्यो भने ती मान्छेलाई सही नसक्ने गरी दुख्छ । किनभने उनीहरूको छालाको रङ अलि कालो छ र नेपाली भाषा प्रस्टसित बोल्न सक्दैनन् । ती नेपाली नागरिकले नागरिकता पाउने विषयलाई ठूलो हङ्गामा मच्चाएर राष्ट्रियताको फुइँ हाँक्ने पनि छन् यहाँ । राष्ट्रहरूमाथि विभेदकारी नीति-नियम लादेर, जनतालाई अनागरिक बनाउने त्यो कस्तो खालको राष्ट्रियता होला ? आत्मसमीक्षा हुन जरुरी छ ।

*(साभार: रातोपाटी*

# कक्षा ११ कस्ता विद्यार्थीले के विषय पढ्ने ?

काठमाडौं/एसईई नतिजा आएसँगै कक्षा ११ र १२ को पढाइ हुने विद्यालय र कलेजहरुले भर्ना आह्वान गरिसकेका छन् ।

विद्यार्थीका लागि कक्षा ११ र र १२ को पढाइ यसकारण पनि महत्वपूर्ण छ कि, यही समयमा गरेको मिहिनेतले भविष्य निर्धारण गर्नेछ । उनीहरुले आफ्नो क्षमता र रुचि अनुसार विषय रोज्ने अवसर पनि कक्षा ११ मा पाउँछन् । त्यसैले विद्यार्थीलाई आफ्नो स्वभाव अनुसार उपयुक्त विषय छनोट गर्न यो बेलामा परामर्श आवश्यक पर्ने काठमाडौं विश्वविद्यालयका प्राध्यापक तथा शिक्षाविद् डा.शिक्षाविद् लक्ष्मण ज्ञवाली बताउँछन् ।



विद्यालयहरुले करियर काउन्सिलिङका क्रममा विद्यार्थीको स्वभाव, रुचि अनुसार कुन विषय पढ्दा भविष्यमा के बन्न सकिन्छ, ती विषयको पढाइ कहाँ कहाँ हुन्छ, कति खर्च लाग्छ जस्ता विषय जानकारी दिनुपर्ने उनको भनाइ छ ।

प्रत्येक व्यक्तिको रुचि र क्षमता फरक फरक हुन्छ । तर एसईई उतीर्ण विद्यार्थीले आफैंले आफ्नो क्षमता र रुचि थाहा नपाउन सक्छन् । बरु विद्यालयका शिक्षकहरुले विद्यार्थीलाई राम्रोसँग बुझेका हुन्छन् । त्यसैले शिक्षकले विद्यार्थीको क्षमता के छ भन्ने बताइदिएमा बल्ल उनीहरु आफूले के पढ्ने भन्ने निर्णय गरेर त्यो क्षेत्रमा जान सक्ने ज्ञवाली बताउँछन् ।

*कक्षा ११ मा विषय छनोटबारे ज्ञवालीको सुझाव पढ्नुहोस् :*

**सिक्ने तरिका (लर्निङ स्टाईल) का आधारमा**

सिक्ने तरिका अथवा क्षमता व्यक्ति पिच्छे फरक फरक हुन्छ । त्यो सिक्ने क्षमताले पछि काम गर्ने तरिकामा नै फरक पार्छ । त्यसैले विद्यार्थीले विषय रोज्दा उसको सिक्ने क्षमताको आधारमा विषय रोज्दा राम्रो हुन्छ ।

जस्तो यदि तपाईं गफ गर्न सक्नुहुन्छ, कुरा सुन्नुहुन्छ, कथा, रेडियो सुन्नुहुन्छ अथवा टाढाको मान्छेको आवाज सुन्नुहुन्छ, टेलिफोनमा एक चोटी सुनेको मान्छेको आवाज अर्को चोटी चिन्नुहुन्छ भने तपाईंको सुन्ने शक्ति अथवा क्षमता राम्रो छ । सुन्ने शक्ति राम्रो भएको व्यक्तिले साहित्य, दर्शन, कानुन विषयगत समूहमा अथवा क्षेत्रमा जान सकिन्छ ।

अर्को, एकपटक देखेको व्यक्ति नबिर्सने, भिजुअलहरु मनपर्ने स्वभावको व्यक्तिहरु हुन्छ । सामान्यतया यस्ता क्षमता अथवा स्वभाव भएका मानिसको बाह्य आकृति अथवा स्वभाव विचरण गर्ने, आफ्नो लुगा छान्दा पनि रङ, डिजाइन मिलाउने खालका हुन्छन् । यस्ता स्वभाव भएको व्यक्तिहरु चित्रकला, अभिनय क्षेत्रमा अथवा आर्किटेक्चर, डिजाइनर, डिटेक्टिभ सम्बधित विषयहरु पढ्न सक्छन् । यो क्षेत्रमा जाँदा उनीहरुको पेशागत भविष्य राम्रो हुनसक्छ ।

कुनै कुनै बालबालिका शारीरिक रुपमा एकदम सक्रिय हुन्छन् । त्यस्ता बच्चालाई सामान्यतया नेपाली समाजमा चकचके भनिन्छ । त्यस्तो बच्चालाई हात, खुट्टा चलाइरहनुपर्ने, यता उता दौडिर हनुपर्ने हुन्छ । त्यस्तो स्वभावको विद्यार्थीले प्राक्टिकल, प्रेजेन्टेसन गर्न रुचि राख्ने हुन्छन् । त्यस्ता बच्चाहरु फिल्ड वर्क गर्नुपर्ने क्षेत्रमा राम्रो गर्न सक्छन् । जस्तो सिभिल इन्जिनियर, पर्यटन अथवा उद्यमी हुनलाई पनि यस्तो सक्रियता आवश्यक हुने भएकाले त्यस्ता विषयगत समूहमा अथवा खेलकुद क्षेत्रमा जान सक्छन् ।

कतिमा चाहिँ सबैको मिश्रित गुण हुन्छ । अर्थात माथिका सबै गुण अलि अलि हुन्छ । त्यस्ता विद्यार्थी शिक्षा, पत्रकारिता विषयमा जान सक्छन् अथवा जुनसुकै फिल्डमा जाँदा पनि राम्रो गर्न सक्ने हुन्छ ।

**बहु बौद्धिकता (मल्टिपल इन्टेलिजेन्स) को आधारमा**

अर्को बहु बौद्धिकता क्षमता अनुसार विद्यार्थीले उपयुक्त विषय रोज्न सक्छन् अथवा सुझाव दिन सकिन्छ । यसका विभिन्न ९ वटा सूचकको आधारमा विद्यार्थीले आफ्नो रुचि र स्वभावको आधारमा विषय रोज्न सक्छन् । अभिभावकले विषय रोज्ने स्वतन्त्रता दिन सक्छन् । यसका विभिन्न सूचकको आधारमा बालबालिकालाई विषय रोज्न अथवा विद्यार्थीले विषयगत समूह रोज्न सक्छन् ।

इन्ट्रापर्सनल इन्टेलिजेन्स क्षमता भएको व्यक्ति स्व-निर्णय गर्न कमजोर हुन्छ । त्यस्ता विद्यार्थीलाई दर्शन पढाउने, साहित्य पढाउने, समाजशास्त्र पढाउन सकिन्छ । त्यसबाट आफै निर्णय गर्न सक्ने, आलोचनात्मक कुरा बुझ्छ । त्यसले भविष्यमा खोज अनुसन्धान क्षेत्रमा राम्रो गर्न सक्छन् ।

इन्टरपर्सनल इन्टेलिजेन्स भएको व्यक्तिले अरुसँग कुरा गर्नुपर्ने, प्रभाव पार्नुपर्ने हुन्छ । त्यो भनेको अर्को व्यक्तिसँग कुरा राख्दा सकेसम्म आफ्नो कुरा सुनाउन सक्ने, प्रभाव पार्नको लागि विभिन्न तर्कसंगत र ाख्न सक्ने हुन्छ । त्यस्ता व्यक्ति व्यवस्थापन पढ्न सक्छ । त्यसबाट उनीहरु भविष्यमा नेता, बैंकर, पीआर (पब्लिक रिलेसन), मार्केटिङ क्षेत्रमा जानसक्छन् । यस्ता स्वभाव भएका व्यक्तिहरु अरुलाई राम्रोसँग बुझाउन सक्ने भएकाले शिक्षा तथा पत्रकारिता जस्ता विषयगत समूहमा पढ्न सक्छन् ।

लिंग्विस्टिक इन्टेलिजेन्स भाषाप्रति रुचि राख्ने, पढ्न रुचाउने स्वभावको बालबालिकाले भाषा प्रयोग हुने विषयगत समूहमा जान ठीक हुन्छ । यस्ता विद्यार्थीले साहित्य, कानुन, विषय पढ्दा राम्रो हुन्छ । साहित्य पढेर लेखनमा राम्रो गर्न सक्छ, अर्को वकालत गर्नको लागि पनि भाषिक ज्ञान हुनुपर्ने भाषिक संयोजन गर्न सक्ने हुनुपर्ने भएकोले कानुनमा पनि राम्रो हुन्छ । त्यस्तै भाषा सम्पादन गर्न सक्छ ।

म्याथमेटिकल स्पेसल इन्टेलिजेन्स भिडियोको माध्यमबाट विद्यार्थीले गणितीय विषय बुझ्न सक्छन् । यस्ता विद्यार्थीले विज्ञान, गणित, इन्जिनियरिङ, अर्थम्याटिक तथा ज्योम्याट्रिक सम्बन्धित विषय समूह रोज्न सक्छन् ।

म्युजिकल इन्टेलिजेन्स यसमा चाहिँ विद्यार्थीको सुन्ने क्षमताको कुरा गरेको छ । गीत सुनेर भाका बुझ्न सक्ने, त्यसप्रति चासो राख्ने, गाउन रुचाउने र संगीत सुनेर त्यहाँ बजेका बाजाहरु छुट्याउन सक्ने क्षमता हुन्छ । त्यस्ता स्वभाव भएका बच्चा संगीत सम्बन्धित विषयमा राम्रो गर्न सक्छ । त्यसैले संगीत विषय पढ्दा राम्रो हुन्छ ।

न्याचुरलिस्टिक इन्टेलिजेन्स त्यो भनेको भौतिकता, प्रकृति सम्बन्धी रुची भएको हो । भू विज्ञान, फलफूल खेतीपातीप्रति चासो राख्ने, बुझ्न मन पराउने, प्रकृतिसँग नजिक हुन खोज्ने हुन्छ । त्यस्ता विद्यार्थीले बनस्पति विज्ञान अथवा कृषि विज्ञान सम्बन्धित विषय पढ्दा राम्रो हुन्छ ।

एक्जिस्टेन्सियल इन्टेलिजेन्स भएका व्यक्तिहरु मानव, समाज, धर्म लगायतको विषयमा रुची राख्छन् । त्यसैले उनीहरु साहित्य, दर्शन, मानवशास्त्र, समाजशास्त्र, राजनीति शास्त्र आदि क्षेत्रमा जान सक्छन् । किनकी उनीहरुले मान्छेको बारेमा, धर्मको बारेमा गहिरो अध्ययन गर्न, बुझ्न रुचि राख्छन् ।

भिलुअल स्पेसालिटी भिजुअल हेरेर सिर्जना बुझ्न सक्ने अथवा रुची भएका विद्यार्थीहरु पनि हुन्छन् । उनीहरु रङसँग खेल्न रुचाउँछन् त्यसले गर्दा डिजाइनर, आर्किटेक्ट, इन्टेरियर डिजाइनर, चित्रकला सम्बन्धित विषय समूह रोज्न सक्छन् ।

कतिपयमा भने माथिका अधिकांश क्षमता मिश्रित रुपमा रहेका हुन्छन् । त्यस्ता व्यक्तिहरु शिक्षा संकाय अथवा त्यो समूहको विषय रोज्न सक्छन् । शिक्षण क्षेत्रमा जानको लागि कुनै एउटा विषयमा मात्रै चासो नभएर धेरै वटा विषयमा पोख्त हुनुपर्छ ।

विद्यार्थीलाई तिम्रो व्यक्तित्व अनुसार कुन विषय रोज्दा तिमीलाई ठीक हुन्छ भनेर परामर्श दिनुपर्ने हुन्छ । तर तिमीले यही लिनुपर्छ भन्ने खालको होइन । तिम्रो व्यक्तित्व अथवा क्षमता यस्तो भएकाले यो विषय पढ्दा तिम्रो लागि उपयुक्त हुनसक्छ भनेर परामर्श दिने हो । त्यो सँगै विषयहरु कहाँ र कसरी पढाइ हुन्छ भन्ने जानकारी दिएपछि विद्यार्थी आफूले चाहेको अनुसार विषय रोज्न सक्छन् ।

तर नेपालमा विद्यार्थीले आवश्यक परामर्श नपाउँदा विषय रोज्दा प्रभावित भएको देखिन्छ । एउटा अभिभावकले पढाउन खोजेको कुराले र अर्को साथीसंगतको प्रभावमा । हाम्रो समाजले मान्ने गरेको सम्मानजनक पेशा रोजेर डाक्टर, इन्जिनियरिङ क्षेत्रमा जानको त्यो विषय समूह अनुसार जाने गरेको र त्यही अनुसार स्नातक तहमा पढ्ने गरेको देखिन्छ । जसले गर्दा बीचमा छोड्ने, पास गर्न नसक्ने, पढेर पनि पढेको भन्दा फरक पेशामा लाग्ने हुन्छ । त्यसले गर्दा विद्यालयले विद्यार्थीको स्वभाव, रुचि अनुसार यही विषय पढ नभनेर परामर्श दिन जरुरी छ ।

*(स्रोत: अनलाइनखबर)*

# बजेट पारितपछि मुख्यमन्त्रीद्वारा एमालेमाथि सत्तोसराप



साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ बागमती प्रदेश सरकारको बजेट बहुमतले पारित भएपछि बागमतीका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले फायर खोलेका छन् ।

बजेट पारित हुनु अगाडि चुपचाप बसेका मुख्यमन्त्री जम्कट्टेलले शनिवार साँझतिर सामाजिक सञ्जालमा लामो स्ट्याटस लेख्दै एमालेमाथि सत्तोसराप गरेका हुन् । उनले एमालेमाथि गम्भीर प्रकारका आरोप समेत लगाएका छन् । उनको भनाईले एमालेप्रति ठूलै कुण्ठा पोखेको देखिन्छ । जम्कट्टेलले प्रधानमन्त्रीको राजीनामा मागेको विषय उठाए पनि उनको कुण्ठा भने बागमती प्रदेशको बजेट सहजै पारित हुन नसकेको र बजेटका त्रुटीहरु बाहिर आएकोसँग सम्बन्धित भएको एमालेका बागमती प्रदेशका सांसदहरु बताउँछन् ।

प्रतिनिधिसभा र प्रदेश सभामा एमाले प्रतिपक्षमा रहेको तर, रवाफ भने सत्तापक्षको जस्तो देखाउन खोज्दैछ भन्दै आरोप लगाएका छन् । उनको यस भनाई बागमतीको बजेटसँग लक्षित छ । बागमतीको १३ जिल्लामध्ये मुख्यमन्त्रीको धादिङ, भौतिक पूर्वाधार विकास मन्त्री युवराज दुलालको जिल्ला सिन्धुपाल्चोक र आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामाको जिल्ला नुवाकोटमा मात्रै बजेट खन्याएको भनेर एमालेले विरोध गरेको थियो । एमाले र राप्रपाले बजेटप्रति असन्तुष्टि जनाउँदै ३ वटा बैठक अवरुद्ध गरेका थिए ।

मुख्यमन्त्री जम्कट्टेल अन्तत: एमाले र राप्रपाको योजना बजेटमा समावेश गर्न सहमत भएपछि प्रदेशसभाको अवरोध हटेको थियो । मन्त्रिपरिषद् बैठकबाटै एमाले र राप्रपाको मागअनुसार योजना बजेटमा समावेश गर्ने निर्णय गरिएको थियो ।

बागमतीमा सत्तापक्ष र प्रतिपक्षीबीचको दुरी बढिरहेको अवस्थामा मुख्यमन्त्री जम्कट्टेलले एमालेप्रति सत्तोसराप गरेका हुन् । 'प्रतिनिधिसभा र प्रदेशसभामा उसको (एमाले) अभिव्यक्ति र उच्श्रृंखलता हेर्दा यति धेरै विक्षिप्त देखिन्छ कि आक्रोश, प्रतिशोध र कुण्ठाले जलिरहेको देखिन्छ एमाले ।', मुख्यमन्त्री जम्कट्टेलले लेखेका छन् । एमालेले सरकारको विरोधको नाममा सम्पूर्ण सिस्टमलाई ध्वस्त पार्ने काम गरिरहेको उनको आरोप छ ।

बहुमतको प्रधानमन्त्रीलाई सकेसम्म संसदमा बोल्नै नदिने, बोल्न सुरु गरेपछि हो-हल्ला गर्ने प्रधानमन्त्रीले बोलुन्जेल कुरा सुन्ने धैर्यता गर्न नसक्ने, बजेट पास गर्दा अहिलेसम्म नभएको मत विभाजनको प्रक्रिया अपनाउने, तिललाई पहाड बनाउने र वितण्डता मच्चाउने काम एमाले गरिरहेको जम्कट्टेलको आरोप छ ।

'यसको प्रमुख कारण भनेको सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले गरेको राम्रो कामबाट एमाले धेरै अत्तालिएको छ ।', उनको दाबी छ । सरकारले सुरु गरेको भ्रष्टाचारविरुद्धको अभियानबाट सबैभन्दा धेरै एमाले आत्तिएको उनले आरोप लगाएका छन् ।

# थाहाका व्यवसायीसँग राष्ट्र बैंकको अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान बिभाग, मूल्य महाशाखाद्वारा आयोजित मूल्य तथ्यांक प्रदायक स्रोत पसल तथा संस्थाहरुसँगको अन्तर क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

शिखरकोटको शंकर होटलमा सम्पन्न अन्तरक्रिया कार्यक्रममा बिभागका निर्देशक डा. राजनकृष्ण पन्त र उपमहानिर्देशक रबिन्द्र महर्जनले सहजीकरण गरेको कार्यक्रममा थाहानगर उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान प्रधानको प्रमुख आतिथ्यता तथा जनकल्याण माविका प्रधानाध्यापक सानोभाइ कार्कीको बिशिस्ट आतिथ्यता रहेको थियो । अन्तर क्रियामा नगरभित्र संचालनमा रहेका पसलहरुको संचालक तथा संस्थाको प्रतिनिधिको उपस्तिथि थियो ।

थोक मूल्य सूचकांकले वस्तुको थोक मूल्यस्तरलाई मापन गर्दछ । हाल नेपालमा आर्थिक वर्ष २०७४/७५ लाई आधार वर्ष मानी २६२ वस्तुको पाक्षिक, मासिक र त्रैमासिकरुपमा मूल्य संकलन गरी यी वस्तुको थोकमूल्य गणना गर्ने गरिएको छ । यी वस्तुमध्ये प्राथमिक समूहअन्तर्गत दुई उप-समूह, इन्धन तथा ऊर्जा समूहअन्तर्गत दुई उपसमूह र उत्पादन समूहअन्तर्गत १३ उपसमूह रहेका छन् । यी समूहको भाराङ्क क्रमश: ३३.५९ प्रतिशत, ८.७६ प्रतिशत र ५७.६५ प्रतिशत रहेको अन्तरक्रियाको अवसरमा जानकारी दिइयो ।

साथै नेपाल राष्ट्र बैंकले प्रकाशन गर्ने मूल्य सूचकांक तोकिएका वस्तु तथा सेवा संलग्न वस्तु तथा सेवाको भारित औसत मूल्य सूचकांकमा आधारित हुन्छन् । यस्ता वस्तु तथा सेवालाई विभिन्न समूहमा विभाजन गरेर भार प्रदान गरिएको हुन्छ । कुनै वस्तु तथा सेवाको मूल्य धेरैले वृद्धि भए तापनि अर्को वस्तु तथा सेवाको मूल्य धेरैले कम हुन जाँदा औसत भारित मूल्यमा सामान्य मात्र परिवर्तन भएको हुन सक्छ । तर, आमजनताले वस्तु तथा सेवा खरिद गर्न जाँदा आफूले खरिद गर्ने वस्तु तथा सेवाको मात्र धेरैले मूल्य वृद्धि भएको वा घटेको महसुस गर्ने हुनाले नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको मूल्य सूचकांकको वृद्धि (मुद्रास्फीति दर) र आमजनताले महसुस गर्ने मूल्यवृद्धिबीच तालमेल नभएको अनुभूति हुनसक्ने बिभागका निर्देशक डा. पन्तले बताए ।

बिभागले देशभर १० हजार पसलबाट मूल्य संकलनकार्य हुँदै आइरहेको र त्यसको लागि प्रत्येक स्थानमा २ जना स्थानीय शिक्षक खटाएर मूल्य संकलन गर्दै आइरहेको जानकारी दिएको छ । जसमध्ये थाहाको ६१ पसलमा मूल्य संकलन हुने गरेको र देशभरबाट प्राप्त जानकारीपश्चात मासिकरुपमा मूल्य सुचकांक निर्माण गरी राष्ट्र बैंकले प्रकाशित गर्दै आइरहेको कार्यक्रमको अवसरमा जानकारी गराएका थिए ।

# एसईई दिएका विद्यार्थीको मनोविज्ञान कस्तो हुन्छ ?

काठमाडौं/सरकारले विद्यालय तहको संरचना परिवर्तन गरी कक्षा ११ र १२ लाई माध्यमिक शिक्षामा राखेको छ । शिक्षा ऐन, २०२८ को आठौं संशोधनले विद्यालय तहलाई दुई तहमा स्तरीकृत गरेको छ ।

बाल कक्षादेखि ८ कक्षासम्म आधारभूत तह र कक्षा ९ देखि १२ कक्षालाई माध्यामिक शिक्षा । तर अझै पनि कक्षा ११ र १२ लाई उच्च शिक्षा कै रुपमा मानेको देखिन्छ ।

कुनै बेला साविकको एसएलसीलाई उच्च शिक्षा प्रवेश गर्ने 'फलामे ढोका' को रुपमा चित्रण गरिन्थ्यो । कक्षा ११ र १२ माध्यामिक शिक्षामा गाभिएपछि एसईई सामान्य परीक्षा सरह हो । तर विद्यालय, शिक्षक, अभिभावकले अहिले पनि एसईईको नतिजालाई लिएर ठूलो हल्ला गरिरहेको देखिन्छ ।

यस्तो अवस्थामा कक्षा ११ मा पढ्न जाने विद्यार्थीहरुमा एक किसिमको दबाव सिर्जना हुने शिक्षाविद् मिनाक्षी दाहाल बताउँछिन् । विद्यालय, शिक्षक र अभिभावकले उनीहरुको प्राप्ताङ्गलाई लिएर गर्ने प्रचारवाजीले मनोवैज्ञानिक रुपमा दबाब सिर्जना हुन्छ ।

बढी जीपीए ल्याएकालाई त्यही अनुसारको विषय रोज्नुपर्ने, कम जीपीए ल्याएकोलाई अरु जत्ति जीपीए नल्याएको हिनताबोध अथवा कमजोर मानसिकता लिने गरेको शिक्षाविद् दाहालको भनाइ छ ।

उनी भन्छन् 'अहिले देखिरहनुभएको होला कतिपय विद्यालयले शतप्रतिशत जीपीए ल्याएको अथवा सबैभन्दा बढी जीपीए ल्याएको भन्दै बधाई दिइरहेका छन् । यसले बढी ल्याएकाले भारी अनुभव गर्ने र कम ल्याएकाले कमजोर अनुभव गर्छन् । यो अवस्थाबाट ११ मा भर्ना हुन जाने गरेको देखेको छु, भेटेको छु ।'

अझै पनि एसईई परीक्षालाई ठूलो खुड्किलोको रुपमा लिन नछाड्दा बालबालिकामा मनोवैज्ञानिक दबाब बढ्ने उनी बताउँछिन् । अहिले पनि बढी जीपीए ल्याउँदा विज्ञान, इन्जियिरिङ पढ्नपर्ने, मध्यम आउँदा व्यवस्थापन र सबै भन्दा कम जीपीए ल्याएकोले मानविकी अथवा शिक्षा संकाय रोज्न लगाउने, सुझाव दिने गरेको उनको अनुभव छ । 'हाम्रो बढी अंक, जीपीएको धङधडीले बच्चाहरुमा अनावश्यक बोझ थपिरहेका छौं । अझ अनि हामी शिक्षाको कुरा गर्छौं,' उनी भन्छिन् ।

एसईई अझ कुनै पनि परीक्षालाई सहज बनाउन शिक्षक, विद्यालय, अभिभावक संवेदनशील हुनुपर्ने र उनीहरुको स्वभाव, क्षमता अनुसार सहज वातावरण बनाउनुपर्ने शिक्षाव्दि दाहालको तर्क छ ।

अहिले एसईई दिने विद्यार्थीहरु बीच किशोरावस्था उमेरमा हुन्छन् । अथार्त १५, १६ उमेर समूहका हुन्छन् । यो उमेरमा आफ्नो क्षमता, आफ्नो स्वभावको बारेमा बुझ्न सक्ने कम हुने शिक्षाविद् प्रा.डा.लक्ष्मण ज्ञवाली बताउँछन् ।

उनको भनाइ अनुसार मास एजुकेशनको, वरपर साथीभाइको, विभिन्न सञ्चार माध्यामले उनीहरुमा प्रभाव पार्छ । ज्ञवाली भन्छन्, 'कलिलो मानसिक स्थितिका हुन्छन् । जता पनि लच्किने खालको हुन्छ । जे सुन्दा पनि ठीक लाग्ने अथवा केही पनि ठीक नलाग्ने मनोविज्ञानका हुन्छन् ।'

त्यसैले उनीहरुलाई यो बेला तिम्रो क्षमता, स्वभाव अनुसार कुन विषय पढ्ने र कसरी पढ्ने भन्ने विषयमा परामर्शको, सल्लाहको आवश्यकता पर्ने उनको भनाइ छ । विद्यार्थी पढेको विद्यालयले विद्यार्थीलाई नजिकबाट बुझेको हुने भएकोले उपयुक्त विषय रोज्न परामर्श दिएर सहयोग गर्नुपर्ने उनको भनाइ छ । भर्ना लिने विद्यालयले पनि विद्यार्थीको स्वभाव, क्षमता बुझेर परामर्श दिएर भर्ना लिनुपर्ने ज्ञवालीको तर्क छ ।

ज्ञवालीको भनाइसँग एसईईको नतिजा लिएर बसिरहेकी १७ वर्षीया अस्मिता चौलागाईंको अनुभव मिल्न जान्छ । अहिले उनी के पढ्ने भन्ने अन्योलमा छिन् ।

सूचना ! सूचना !! सूचना !!!
हेटौंडाको चिरपरिचित फार्मेसी **देउराली फर्मा** यहि २०८० असार २३ गते शनिबारबाट हेटौंडा-३ बसामाडीमा सञ्चालन गरिएको सम्पूर्ण ग्राहक बन्धुलाई सहर्ष जानकारी गराउदछौं । ग्राहकलाई पर्न गएको असुविधा प्रति क्षमाप्रार्थी छौं ।
प्रो. हिरालाल श्रेष्ठ
देउराली फर्मा
हेटौंडा उ.म.न.पा.-३ बसमाडी
सम्पर्क : ०५७-५२५८६३, ९८६५०१२५८८

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाईं, हामी सबैको कुरा"
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# दुग्ध उत्पादन तथा पशुपालनमा ६९ वटा योजना कार्यान्वयन

साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/कृषि तथा पशुपंछी विकास मंत्रालयअर्न्तगत हेटौंडास्थित नेपाल लाइभस्टक सेन्टर इनोभेसन आयोजना विकेन्द्रित आयोजना सहयोग इकाईको कार्यालयले ६९ वटा योजना कार्यान्वयन गरेको छ ।



कुल ५६ करोडको लागतमा दुग्ध उत्पादन त्यसको विविधिकरण तथा पशुपालन क्षेत्रको विकास, संरक्षण तथा पूर्वाधारको निर्माणमा ६९ वटा उपआयोजना सम्पन्न गरेको हो । नेपाल लाइभस्टक सेन्टर इनोभेसन आयोजना विकेन्द्रित आयोजना सहयोग इकाईको कार्यालय हेटौंडाले मकवानपुरसिहत सात जिल्लामा उपआयोजना विगत पाँचवर्षमा सम्पन्न गरेको हो ।

यसरी आयोजना संचालन हुने सात जिल्लामा मकवानपुर, काठमाडौं, काभ्रे, चितवन, धनुषा, शिरहा र सप्तरी रहेका छन् । विश्व वैंकको वैदैशिक ऋण सहुलीयत कार्यक्रमअर्न्तगत पाँचवर्ष अगाडि अर्थात २०७५/७६ मा सुरु भएको सो आयोजनाको हेटौंडामा रहेको कार्यालय अर्न्तगतको एक सय १८ वटा उपआयोजना संचालन गर्नुपर्ने लक्ष्य रहेको थियो ।

तर आयोजनका लागि परेका निवेदनमध्ये ७५ वटा सहकारी संस्थासंगँ सम्भौता भएको थियो । आयोजना पछि सम्भौता अनुसार ६९ वटा उपआयोजना मात्र सम्पन्न भएको कार्यालयका प्रमुख विदुर गौतमले जानकारी दिए । सम्पन्न भएका आयोजनामा ४६ करोड भुक्तानी भइसकेको छ भने १० करोड भुक्तानीको प्रक्रियामा रहेको उनले बताए । आयोजना स्थापनाको सुरुमा सहकारी संस्थासगँमात्र सम्भौता गर्ने कार्यक्रम थियो । तर, पछिल्लो समय निजी तथा व्यावसायीक फर्म पनि आयोजना संचालनका लागि आवेदन दिन सुरु गरेपछि ३९ वटा थप उपआयोजना सुरु गरिएको वताइएको छ ।

सहकारी ६९ वटा तथा निजी व्यावसायीक फर्म ३९ वटा गरी कूल एकसय आठवटा उपआयोजना पूरा हुने लक्ष्य रहेको छ । सो एकसय आठवटा उपआयोजनामा दुग्ध उत्पादन, प्रशोधन, दुग्ध विविधिकरणको उपकरण निमार्ण, दुग्ध भवन निमार्ण, पशुपालन, गोठ सुधार, गोठ भवन निमार्ण, खशी तथा बाखापालन र त्यसको पूर्वाधार निमार्ण, खसीवोका खरीद वजार भवन निमार्ण र पशुस्वास्थ्य उपचार शाखा भवननिर्माणलगायत अनुगनम निरीक्षण तथा सचेतनामूलक कार्यक्रम संचालन, घाँस उत्पादन, कृषि सहकारी संस्थाको पहिचान, अनुदान वितरण, प्रोत्साहन, तालिम र वजारीकरण लगायत कार्यक्रम गरिएको कार्यालयले जनाएको छ ।

इकाईको कार्यालय हेटौंडाको सहयोग तथा लगानीमा रहेका ६९ वटा उपआयोजनामध्ये १४ वटा सहकारी संस्था अहिले उद्योगमा परिणत भइसकेको छ । चारदशक अगाडि स्थापना भएका ती १४ वटा सहकारी संस्थाहरु उक्त आयोजनाको सहयोगमा उद्योगमा परिणत भएको गौतमको भनाई रहेको छ । यो ठुलो उपलव्धी हो उनले भने ।

यसरी उद्योगमा परिणत हुने सहकारी संस्थामा मनकामना दुग्ध उत्पादक सहकारी संस्था मकवानपुर, वेथानचोक दुग्ध उत्पादक सहकरी संस्था काभ्रे, देवनगर दुग्ध उत्पादक सहकारी संस्था भरतपुर, गौरीगंज दुग्ध उत्पादक सहकरी संस्था भरतपुर, गौरीधारा दुग्ध उत्पादक सहकारी संस्था चितवन, पिव्वा दुग्ध सहकरी संस्था चितवन, कालिका कृषि सहकारी संस्था जनकपुर , साईकृषि सहकारी संस्था रुपनी सप्तरी, रामनगर सानाकिसान कृषि सहकारी संस्था लहान, नमूना महिला वहुदेश्यीय सहकारी सस्था दक्षिणकाली, वालासुन्दरी सानाकिसान कृषि सहकारी संस्था भगवानपुर सिरहा, जनचेतना अभियान कृषि सहकारी संस्था धनुषा तथा पञ्चामृत वहुदेश्यीय सहकारी संस्था चितवन रहेका छन् ।

सहकरी संस्थावाट दुग्धपदार्थको विविधिकरणमा गई उद्योगमा परिणत भएपछि कारोवारमा समेत वढोत्तरी भएको मनकामना दुग्ध उत्पादक सहकारी संस्थाका संचालक अर्जुन दाहालले वताए । आयोजनको सहयोगमा आफ्नो सहकारीले चारसय भन्दावढी किसानवटा दुग्ध खरीद गरी दुध, दही,घयु, पनिर, छुर्पीलगायत सामग्री उत्पादन गरी विक्री सुरु गरेको बताए ।

पशुपंछी विकास मन्त्रालय अर्न्तगतको आयोजनाको ललितपुरमा मुख्य कार्यालय रहेको छ भने वुटवल, पोखरा, हेटौंडा, विराटनगरमा आयोजना इकाई रहेको छ । चारवटा इकाई कार्यालयअर्न्तगत २८ जिल्लामा पाँचसय ५५ वटा उपआयोजना सम्पन्न गर्नुपर्ने लक्ष्य रहेको मंत्रालयका कृषिअर्थविद् सुशील खड्कोले जानकरी दिए । विश्व वैंकको सहयोगमा संचालित आयोजनाको कार्यकाल पाँचवर्ष मात्र रहेको छ । आयोजनको केही कार्यहरु पुरा गर्न समय लाग्ने भएकोले आउँदो असार सम्म आयोजना रहनेछ ।

# मनहरी गाउँपालिकाको बजेट ९० करोड २२ लाख

साझाकुरा संवाददाता




हेटौंडा, २३ असार/ मनहरी गाउँपालिकाले ९० करोड २१ लाख ७१ हजार ८ सय ७३ रुपैयाँको बजेट पारित गर्दैगर्दा भौतिक पूर्वाधारतर्फ ठूला योजनाहरुको तर्जुमा गरिएका छन् । केही योजनाहरु क्रमागत छन् भने केही नियमित योजनाहरु रहेका छन् ।

सार २२ गते उपाध्यक्ष सीता पुलामीमगरले १३ औँ अधिबेसनको दोस्रो बैठकमा आगामी आर्थिक बर्ष २०८०/८१ का लागि प्रस्तुत गरेको बजेट बक्तब्य र बिनियोजन बिधेयकलाई ध्वनीमतका आधारमा पारित गरिएको थियो । पारित भएका योजनाको पूर्णसूचि प्राप्त नभएपनि बिषयगतरुपमा बजेटका क्षेत्रहरु निर्धारण गरिएको छ ।

गाउँपालिकाले यसवर्ष आफ्नो भवन निर्माण गर्ने जनाएको छ । त्यसैगरी निर्माण हुन बाँकी रहेको ४ नं वडा कार्यालयको भवन पनि निर्माण गर्ने गाउँसभाले पारित गरेको बजेटमा उल्लेख छ । गाउँपालिकाको प्रशासनिक भवन निर्माण र ४ नं वडा कार्यालय निर्माणका लागि ३ करोड १५ लाख रुपैयाँ बिनियोजित छ ।

त्यसैगरी गाउँपालिकाले तत्कालीन एकराज उप्रेती नेतृत्वको सरकार हुँदा थालनी गरिएको साबिक हाँडीखोला गाविसतर्फका ५ वटा पक्की पुल निर्माणका लागि ७ करोड ८० लाख रुपैयाँ बिनियोजन गरेको छ । निरन्तर यी पुलहरु निर्माणका लागि गाउँपालिकाले नियमित रुपमा लगानी गर्दै आएको छ । आर्थिक बर्ष २०८०/८१ का लागि शिक्षातर्फ गाउँपालिकाले २० करोड ८६ लाख रुपैयाँ बिनियोजन गरेको छ ।

त्यसैगरी स्वास्थ्यतर्फ ४ करोड ९५ लाख, कृषिमा १ करोड ५९ लाख ९८ हजार, पशु विकासतर्फ १ करोड ३१ लाख, उद्योग, सहकारी टोल विकास परिचालनका लागि ५९ लाख ६० हजार, महिला विकासका लागि २५ लाख ५० हजार, बालबालिकाको विकासका लागि २७ लाख २० हजार, वन वातावरण र विपद् व्यवस्थापनमा १ करोड १० लाख बिनियोजित छ ।

त्यसैगरी न्यायिक क्षेत्रका लागि २२ लाख ६२ हजार, ज्येष्ठ नागरिकका लागि ७ लाख २० हजार, दलित विकासका लागि ८ लाख, आदिबासी जनजातिको विकासका लागि २१ लाख ५० हजार, अपांगता क्षेत्रका लागि २० लाख ८० हजार, संस्कृति संरक्षणमा ३ लाख, युवा क्षमता विकासका लागि ३२ लाख, भूमि व्यवस्थापन र खरको छानामुक्त गर्न ३९ लाख बिनियोजन भएको छ ।

हरेक वडा कार्यालयको प्रशासनिक चुस्तताका लागि सञ्चालन खर्च ५० लाख, डिजिटल प्रोफाइल र परामर्श खरिदका लागि ५० लाख, प्रशासनिक खर्च (चालू खर्च) १२ करोड ५० लाख, सामाजिक सुरक्षा तथा पन्जीकरणतर्फ ३८ लाख, वडागत योजना (वडा सिलिङ) ७ करोड ५० लाख, समपुरक योजनाका लागि ७ करोड १० लाख, लागत साझेदारी योजना (६०/४०) का लागि १ करोड रुपैयाँ बिनियोजित छ ।

गाउँपालिकाले मनहरी-८ र ९ को सीमाक्षेत्रमा रहेको मध्यवर्ती क्षेत्रमा ठूलो सिमसार ताल निर्माण गर्ने जनाएको छ । सो कार्यका लागि ९० लाख बिनियोजन भएको छ । पर्यटकीय हिसावले विकास गर्नका लागि ताल बनाउन लागिएको गाउँपालिका अध्यक्ष रन्जन कालाखेतीले बताए । त्यसैगरी आकस्मिक माग र योजनाहरु पूरा गर्नका लागि बिगतमा भैँ अध्यक्ष र उपाध्यक्ष पूर्वाधार विकास कार्यक्रमका लागि २ करोड रुपैयाँ बिनियोजित छ ।

## एन्ड्रसले जित्यो मकवानपुर मिडिया कप



साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ एन्ड्रस फुटसल टिमले मकवानपुर मिडिया कपको उपाधि जितेको छ । शनिवार हेटौंडा उपमहानगरपालिका कार्यालयको सहकार्यमा खेलकुल पत्रकार मञ्च मकवानपुरद्वारा आयोजित मिडिया कप प्रतियोगिता एन्ड्रस टिमले उचालेको हो ।

एन्ड्रस क्रियाशील पत्रकारहरु धमेन्द्र दाहाल, नवीन तिमल्सिना, अनिष चौलागाईं, रविन्द्र वाइवा, सुमन दाहाल, सरोज पौडेल, सुजन पुडासैनी र सञ्जीव सुनार (रसाइली) को अंग्रेजी नामको अक्षरबाट मिलाएर बनाइएको फुटसल टिम हो । एन्ड्रसले रेडियो मकवानपुर/प्रदेश दैनिकको टिमलाई २-१ गोल अन्तरले निरीह बनाउँदै उपाधि कब्जा गरेको हो । नकआउट चरणमा खेलाइएको प्रतियोगितामा एन्ड्रसले पहिलो खेल नेपाल कलम/जनपत्र टिमलाई ६-० गोलअन्तरले पराजित गर्दै फाइनलमा पुगेको थियो ।

रेडियो मकवानपुर/प्रदेश दैनिकले आयोजक खेलकुद पत्रकार मञ्चको टिमलाई हराएर फाइनलमा एन्ड्रससँग भेट पक्का गरेको थियो । एन्ड्रसको जितसँगै रेडियो मकवानपुरको अपराजित यात्रामा बिराम लागेको थियो । यसअघि भएका केही मिडिया कप प्रतियोगितामा रेडियो मकवानपुरले निरन्तर जित्दै आएको थियो । एन्ड्रस भने पहिलो पटक सहभागिता जनाएको टिम हो । एन्ड्रसका कप्तान धमेन्द्र दाहालले आगामी प्रतियोगितामा एन्ड्रस टिम झन शक्तिशाली भएर सहभागी हुने प्रतिबद्धता जनाए ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी उपविजेता टिमका पोष्टराज अधिकारी घोषित भए । मिडियाकर्मीको बीचमा भ्रातृत्वको सम्बन्ध स्थापनासँगै खेलकुदको विकासका निम्ति हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा मञ्चले प्रतियोगिता आयोजना गरेको हो । खेलकुद पत्रकार मञ्चका अध्यक्ष राजन दाहाल 'रसिक'को सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-१ नम्बर वडाअध्यक्ष एवम् प्रवक्ता सविन न्यौपानेको प्रमुख आतिथ्यता रहेको थियो ।

प्रवक्ता न्यौपानेले पत्रकारको संस्थागत एवम् क्षमता विकासका लागि उपमहानगरपालिका सदैव तयार रहेको बताए । आगामी दिनमा पनि यस्ता प्रतियोगिताका लागि आवश्यक सहयोग गर्ने उनको प्रतिवद्धता रहेको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेश महासचिव कृष्ण सारुमगर, मकवानपुरका निवर्तमान अध्यक्ष हरि हुमागाईं, प्रेस चौतारी मकवानपुर अध्यक्ष बालकृष्ण अधिकारी, प्रेस युनियन मकवानपुरका निवर्तमान अध्यक्ष पोष्टराज अधिकारी कुमार, प्रेस सेन्टर मकवानपुर अध्यक्ष अञ्जली थापा, अनलाइन मिडिया एसोसिएसन (ओमान)का अध्यक्ष धर्मेन्द्र दाहाल, मञ्चका उपाध्यक्ष सुवास विडारी लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# उत्साहजनक पालुङ-आग्रा पदयात्रा

साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ थाहा नगरपालिकाको पर्यटन प्रवर्द्धनका लागि पालुङ-आग्रा मनसुन पदयात्रा उत्साहजनक रुपामा सम्पन्न भएको छ । पदयात्रामा काठमाडौंका ४० जना र थाहानगरका २० जना गरी ६० जनाको सहभागिता रहेको थियो ।



खुल्ला आकास कतैकतै बादलका फुर्काहरु, तल देखिने हरियाली फाँट र जंगल, जंगलमा चिरबिर चराचुरुङ्गीका आवाज, शितल मनोरम बातावरणमा पदयात्रा गर्दा निकै रमाईले अनुभव भएको पदयात्राको स्थानीय व्यवस्थापक तथा फोटो पत्रकार गणेश बिष्टले बताए । ह्याप्पी हाईकर्स काठमाडौंका गोपाल पन्तले प्राकृतिक सौन्दर्यसहित यो पदमार्ग क्षेत्रका धार्मिकयात्रा गर्दा अत्यन्तै रमाइलो भएको बताए । उनले एकपटक पैदलयात्राको लागि यो मार्ग छुटाउनै नहुने बताए ।

करिब ४ घण्टाको पैदलयात्रामा प्राकृतिक सौन्दर्यतासँगको सामिप्यता, जैबिकबिविधताको अध्ययन, भौगोलक बिविधताको अध्ययन, यहाँको सांस्कृतिक अध्ययन गर्न सकिने स्थानीय युवा माधव कार्कीले बताए । पदयात्रीलाई थाहा नगरपालिका वडा नं. ३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझीको स्वागतसहित रुपचन्द्र बिष्टको शालिकस्थल विकास घर प्राङ्गणबाट सुरु भएको पदयात्रा थाहा-३ को गोरखनाथधाम, पाण्डुकेश्वर मन्दिर, थाहा-३ मा रहेको भकारी ढुँगा, केशरी भञ्ज्याङ, थाहा-७ को मान्द्रो गुफा, उनिउचौर हुँदै थाहा-७ डाँडाबासमा पुगेर समापन भएको थियो ।

पदयात्रीलाई गोरखनाथधाम व्यवस्थापन समिति, थाहा नगर पालिका वडा नं. २ कार्यालय, पाण्डुकेश्वर क्षेत्र विकास समिति, डाँडाघरे बाको होमस्टमा खाना सहित, थाहा-७ को वडा कार्यालयले द्वयाङग्रो बाजा सहित उनिउचौरमा र डाँडाबासमा हिमशिखर बचत तथा ऋण सहकारी संस्थाले बिशेष स्वागत गरेका थिए ।

पदयात्राको लागि थाहा नगरपालिकाका युवा फोटो पत्रकार बिष्ट, माधव कार्की, यादवजंग र ायमाझी, केशर थिङ लगायतले समन्वय गरेका थिए ।

# फलफूल तथा तरकारी व्यवसायी संघ अध्यक्षमा हुमागाई

साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/नेपाल फलफूल तथा तरकारी ब्यवसायी संघ मकवानपुरको अध्यक्षमा कृष्णप्रसाद हुमागाई निर्वाचित भएका छन् ।

शनिबार भएको संघको नयाँ कार्यसमिति चयन अन्तर्गतको निर्वाचनमा अध्यक्षपदका उम्मेदवार हुमागाईले कुल खसेको ३ सय ७ मतमध्ये १ सय ८० मत प्राप्त गर्दै संघको अध्यक्षमा निर्वाचित भएका हुन् । उनका निकटतम प्रतिस्पर्धि मनु दाहालले ७५ मत प्राप्त गरिन्, भने कमलकुमार रौनियारले ३२ मत प्राप्त गर्दा २० मत बदर भएको छ ।

यस्तै संघको कोषाध्यक्षमा ऋषि सापकोटाले १ सय ९१ मत प्राप्त गर्दै निर्वाचित भएका छन् । उनका निकटतम प्रतिस्पर्धि मनोज खुलालले १ सय ९ मत प्राप्त गर्दा ७ मत बदर भएको निर्वाचन अधिकृत कृष्णप्रसाद संजेलले जानकारी दिए । यस्तै संघको महासचिवमा सन्तोशी बर्तौला यसअघि नै निर्विरोध निर्वाचित भईसकेकी छिन् ।

गत असार १६ र १७ गते भएको संघको १६ औ वार्षिक साधारणसभाबाट संघको उपाध्यक्षहरुमा आशिस रौनियार र बिमल पौडेल, सचिवमा नवराज शर्मा पौडेल र सह-सचीवमा कृष्ण साहकानु निर्विरोध चयन भईसकेका छन् । सदस्यहरुमा रामबहादुर ब्लोन, उमा खुलाल खड्का, क्षेत्रबहादुर खड्का, रेणु महत्तोसुडी, रामशरण बजगाई र आईतसिं घलान सर्वसम्मत चयन भएका छन् ।


## गोदामघर भाडामा चाहियो

मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अवस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

**सम्पर्क : ९८०२५३०३०३**

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय, हेटौंडा**
मकवानपुर, नेपाल

## यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना

- यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचनाभाडामा चल्ने सवारी साधनको प्रत्येक ६-६ महिनामा सवारीको भौतिक अवस्था परिक्षण गरी यातायात व्यवस्था कार्यालयबाट जाँचपास प्रमाण-पत्र लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नविकरण गर्दा यस प्रदेशवाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नविकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाडामा चल्ने सावरी साधनहरुले बाटो ईजाजत पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुवाट लिने र समयमै नविकरण गर्ने गरौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।

## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## शिक्षक आवश्यकता

*प्रथम पटक सूचना प्रकाशित मिति : २०८०।०३।२४*

राक्सिराङ्ग गाउँपालिका मकवानपुरको मिति २०८०-०३-१९ गतेको निर्णयअनुसार संघीय सरकारबाट हस्तान्तरित आधारभूत तह कक्षा (६-८) मा गणित विषय शिक्षक रिक्त रहेको संघीय अनुदान कोटा १ मा शिक्षक पदपूर्ति अनुमति पत्र अनुसार यस विद्यालयको मिति २०८०।०३।२० गते बसेको वि.व्य.स.को बैठक निर्णय अनुसार तपशिल बमोजिमको शिक्षक पदपूर्तिको लागि इच्छुक योग्य उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**:
**विज्ञापन नं.** : ०१-२०७९/०८०
**तह** : आधारभूत तह (नि.मा.वि.)
**पद संख्या** : १ (एक)
**उमेर** : १८ वर्ष पूरा भई ४० ननाघेको ।
**योग्यता** : मूल विषय गणित लिई आई.एड. उत्तीर्ण वा सो सरह
**तलब स्केल**: नेपाल सरकारको प्रचलित तलब मानबमोजिम सुरु तलब पाउनेछ ।
**दरखास्त शुल्क** : १००० । (एक हजार मात्र)
**परीक्षाको किसिम**: (क) सामान्य परीक्षा (ख) लिखित । (ग) अन्तरवार्ता
**दरखास्त दिने अन्तिम मिति**: २०८०/०४/०७ गते बेलुका ४:०० बजेसम्म
**सम्पर्क मिति** : २०८०/०४/०८ गते बेलुका ४:०० बजेसम्म
**परीक्षा हुने मिति**: सम्पर्क मितिमा तोकिने छ ।
**सम्पर्क नं.**: ९८४५९०५७५८(प्र.अ), ९८६०३८१७९२ (वि.व्य.स. अध्यक्ष)
**आवश्यक कागजातहरु** :
क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि २ थान
ख) शैक्षिक योग्यता प्रमाणपत्रहरुको प्रतिलिपि २ थान
ग) नि.मा.वि. तहको स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि २ थान

**श्री प्रजा प्रगति आधारभूत विद्यालय**
राक्सिराङ्ग-२, कुडुले, मकवानपुर

